# आ.व.०७५/०७६ को वजेट वक्तब्य

नगर सभाका अध्यक्ष एवं सिद्धिचरण नगरपालिकाका प्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,

नेपालको संविधान २०७२ ले गरेको व्यवस्था बमोजिम प्रथम नगरसभाको महत्वपूर्ण अनुभव लाई समेत समाहित गरी सिद्धिचरण नगरपालिकाको दोस्रो सभाको लागि आफ्नो बजेट आफै बनाउन र घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यो गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, दलित तथा जनजाति आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते तथा बेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु । राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति सद्भाव प्रकट गर्दछु ।

वजेट तथा कार्यक्रम त्यस्तो साधन हो जसले निश्चित अवधिभित्र कहिले, कस्ले, कहाँ, के काम गर्ने भन्ने विषय परिभाषित गर्दछ । यो एउटा जनताप्रति जवाफदेहीता कायम गर्ने माध्यम र व्यवस्थापनको औंजार एवं नीतिगत दस्तावेज पनि हो ।

वजेट तथा कार्यक्रम बनाएर मात्र काम सकिदैन की बरु वजेट बनाएपछि वास्तविक काम प्रारम्भ भएको मान्नु पर्दछ । सीमित स्रोत साधनको माध्यमबाट असीमित चहानाहरुलाई क्रमिकरुपमा पुरा गर्ने विषय पनि अवश्य सरल होईन । योजना कार्यान्वयको अनुकूल वातावरण तयार गर्ने विषय मूलरुपमा नगरपालिकाको भूमिकामा पर्दछ । तर अर्को महत्वपूर्ण पक्ष कर्तव्य परायण चरित्र पनि हो । जव व्यक्ति वा संस्था आफ्नो जिम्मेवारीको लागि इमान्दार र निष्ठावान बन्दछ अनि मात्र नतिजा प्राप्त गर्ने संभावना बढेर जान्छ ।

त्यसै गरी वजेट तथा कार्यक्रम निर्माण गर्दा बढी आसावादी र सुधारको अवधारण लिएर बनाउने तर कार्यान्वयनमा ढिलासुस्ति, निरासावादी र यथास्थितिवादी हुने प्रबृति हामी माझ विद्धमान छ । योजना कार्यान्वयमा कसरी जाने र अनुगमन तथा मूल्याङ्कन कसरी गर्ने भन्ने विषयको स्पष्ट कार्ययोजना बनाउन नसक्दा आसातित् प्रतिफल पाउन नसकिएको अवस्था छ । तसर्थ योजना तुर्जमा गर्दा कै बखत कार्यान्वयनको अवस्था वारे स्पष्ट हुन पर्दछ । वजेट तयार गर्दा नीति र कार्यक्रम सँग समन्वय र सामन्जस्यता चाहिन्छ नै कार्यान्वयन प्रभावकारी बनाउन वजेट तथा कार्यक्रमको आधारमा कार्ययोजना बनाई अगाडि बढ्नु पनि उत्तिकै आवश्यक छ ।

यस सन्दर्भमा मैले वजेट प्रस्तुत गर्दा यस वास्तविकताले सार्थकता पाओस भनि विशेष ध्यान दिइएकी छु । यस वास्तविकताको नजिक पुग्न योजना तर्जुमाको लामो प्रक्रियाको माध्यमबाट तयार पारिएको यो बजेटमा संविधानमा उल्लेखित मौलिक हकहरु, संघीय तथा प्रदेश सरकारले अङ्गिकार गरेका नीति तथा प्राथमिकताहरु, आवधिक योजनाले समेटेका बिषयहरु, स्थानीय तहका विकासका समसामायिक मुद्दाहरु, आम नगरबासीबाट बेलाबेलामा उठाईएका आवाजहरु एवं हामी जनप्रतिनिधिहरु बाट बेलाबेलामा ब्यक्त गरेका प्रतिवद्धताहरु लगायत बिभिन्न बिषयगत समितिहरुबाट प्राप्त सुझावहरुलाई समेत समेटेर यस आ.व.०७५।०७६ को वजेट तथा कार्यक्रम तयार गरेकी छु ।

**नगर सभाका अध्यक्षज्यू,**

अव म आर्थिक वर्ष २०७५।०७६ को वजेट र कार्यक्रम संक्षिप्तरुपमा प्रस्तुत गर्न चहान्छु । यसको विस्तृत विवरण संलग्न अनुसूचिहरुमा समावेश गरेकी छु । यस आर्थिक बर्षका लागि कूल रकम रु.५१ करोड १५ लाख ३४ हजार १ सय २३ बिनियोजन गरेकी छु । जसमध्ये केन्द्र सरकारबाट बित्तीय समानीकरणमा रु.१७ करोड ११ लाख ३५ हजार तथा सशर्त अनुदानतर्फ २३ करोड ३३ लाख ८४ हजार प्राप्त हुन आएको छ । साथै प्रदेश सरकारबाट रु.२३ लाख प्राप्त हुन आएको छ भने सिद्धिचरण नगरपालिकाको आन्तरिक आयबाट आ.ब.२०७५/०७६ मा २ करोड ३७ लाख ४१ हजार ५ सय, सामाजिक सुरक्षा भत्ता वापत ५ करोड ५० लाख, गत आर्थिक वर्षको जिम्मेवारी २ करोड ५९ लाख ७३ हजार ६ सय २३ रकम बिनियोजन गरेकी छु ।

सशर्त अनुदान बापत प्राप्त कूल रकम रु.२३ करोड ३३ लाख ८४ हजार  केन्द्रबाट नै रकम शीर्षकगत विनियोजित भई आईसकेको छ । जसमा शिक्षा मन्त्रालय अन्तर्गतबाट शिक्षा क्षेत्रमा साबिकमा सञ्चालित सबैका लागि शिक्षा आधारभूत तह (आधारभूत तहका शिक्षक तलब भत्ता), माध्यमिक तह (शिक्षक तलब भत्ता) र बिद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु रहेका छन् । त्यसै गरी स्वास्थ्य मन्त्रालय अन्तर्गतबाट साबिकमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सञ्चालन खर्च तथा तलब भत्ता केन्द्रीय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, आयुर्बेद सेवा कार्यक्रम, एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, औषधि, भ्याक्सिन, सामाग्री प्याकिङ्ग र ढुवानी बापतको रकम लगायतका कार्यक्रमहरुलाई पनि सशर्त अनुदान भित्रै समाबेस गरेकी छु । त्यस्तै कृषि विकास मन्त्रालय अन्तर्गतको एक स्थानीय तह एक प्राविधिक कार्यक्रम अन्तर्गतको कार्यक्रम प्राविधिकको तलब र पोशाक भत्ता समेत यसै अनुदानमा बिनियोजन गरेकी छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

कूल बजेट सीमाबाट समानीकरण बापतको रकम घटाउदा कायम हुन आउने रकम रु.१७ करोड ११ लाख ३५ हजार मध्ये चालु खर्च बापत करिब ४५% अर्थात ७ करोड ६१ लाख १२ हजार ६ सय ६० रुपैयाँ र बाँकी ५५% अर्थात ९ करोड ५० लाख २२ हजार ३ सय ४० रुपैयाँ पूँजीगत खर्च बापत बिनियोजन गरेकी छु । यो पूँजीगत खर्चलाई पनि क्षेत्रगत आधारमा आर्थिक/सामाजिक विकास, पर्यटन विकास, पूर्वाधार विकास, वातावरण तथा बिपद् ब्यवस्थापन, विकास र संस्थागत विकास तथा सुशासन तर्फ गरी ५ क्षेत्रमा विभाजन गरी बिनियोजनको ब्यवस्था मिलाएकी छु । अब म विभिन्न बिषयगत शीर्षक अनुसारको बजेट बिनियोजन प्रस्तुत गर्न चहान्छु ।

**आर्थिक विकास :**

यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, प्राचिन, ऐतिहासिक, पुरातात्विकधरोहर संरक्षण र विकास, पर्यटन, सहकारी र बित्तीय क्षेत्र पर्दछन् । जसका लागि यस आर्थिक वर्षमा आधुनिक कृषि प्रविधि तालिम, पशु बिमा तालिम, माटो परीक्षण शिबिर, पशु स्वास्थ्य शिबिर, आय आर्जनको लागि घुम्तीकोष मार्फत बीउ पूँजी कार्यक्रम, ब्यवसायिक कृषि तथा औधोगिक क्षेत्रको अवलोकन भ्रमण कार्यक्रम, होमस्टे तालिम, सुन्तला तथा फलफूल खेति बिस्तार, पशु रोग निधान एबं अन्य कार्यक्रम, बिजुली मिल सुधार, ककनी चम्पादेवी भ्यू टावर निर्माण, पत्ताले पर्यटकीय क्षेत्रको गुरुयोजना, बीउ बिजन तथा किटनाशक औषधि खरिद, सुन्तला, स्याउ खेतिको पकेटक्षेत्र निर्माण र सिंचाई मर्मत,

दुधकोशी-रुम्जाटार हुँदै जन्तरखानी (पत्ताले) पैदल पदमार्ग निर्माणका लागि एकमुस्ट रु.१ करोड २५ लाख ८ हजार ४ सय बिनियोजन गरेकी छु ।

**सामाजिक विकास :**

यस शीर्षक अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, साहित्य, कला संरक्षण, कार्यक्रम, दुई वा दुई भन्दा बढी छोरीमात्र हुने दम्पत्तिलाई प्रोत्साहन सम्मान कार्यक्रम, एकल महिला, जेष्ठ नागरिक, बालबालिका, दलित तथा फरक क्षमता भएका व्यक्तिहरुलाई सम्मान कार्यक्रम, संस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैंगिक समानता तथा सामाजिक समाबेसीकरण, एकद्वार संकट व्यवस्थापन, स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापन, उत्कृष्ट स्वास्थ्य छनौट, संस्था संस्थाहरुको स्तरबृद्धि, पोषण व्यवस्थापन, सर्ने तथा नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम, नगरक्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरुमा इन्सीनरेटर र खाल्डो निर्माण, योग, ध्यान, प्राणायाम् मार्फत आरोग्य बृद्धि, स्थानीय स्तरमा पाईने जडिबुटीको अधिकतम उपयोग, आयुर्बेद चिकित्सा पद्धतिलाई विस्तार गर्ने लगायतका क्षेत्रहरु पर्दछन् । सो कार्यक्रमको लागि रु.२ करोड २३ लाख ७२ हजार ५ सय बिनियोजन गरेकी छु ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पूल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत, सञ्चार, गरिबको टिनको छाना कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम, निर्माणधिन सडकको स्तरोन्नती, दिगो उर्जा र पानीको मुहान संरक्षण लगायतका विषयहरु समेटिएका छन् । जसका लागि यस आ.ब.मा पूर्वाधार विकास अन्तर्गत माथि उल्लेखित सबै कार्यक्रमहरुको लागि एकमुस्ट रु.४ करोड ३१ लाख ५२ हजार ५ सय बिनियोजन गरेकी छु ।

**वातावरण तथा विपद् ब्यवस्थापन :**

यस अन्तर्गत बन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला ब्यवस्थापन, बिपद् ब्यवस्थापन लगायतका क्षेत्रहरु पर्दछन् । यी सबै क्षेत्रहरुको लागि सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुस्ट रु.६२ लाख ५० हजार बिनियोजन गरेकी छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

यस अन्तर्गत सामान्य सेवा, सुरक्षा ब्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण ब्यवस्थापन, स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख ब्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास लगायतका क्षेत्रहरु पर्दछन् । यी सबै सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुका लागि एकमुस्ट रु.८ करोड ९१ लाख ५१ हजार ६ सय बिनियोजन गरेकी छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

अब म अन्य विविध क्षेत्रहरुमा विनियोजित वजेट विवरण प्रस्तुत गर्न चहान्छु ।

साविकमा सञ्चालन भई आएका नियमानुसार दायित्व सिर्जना भएका तथा निरन्तरता दिन आवश्यक देखिएका कार्यक्रमहरुलाई निरन्तरता दिइएकी छु ।

महिला, बालबालिका, आदिबासी जनजाति, दलित, अल्पसंख्यक वा पिछडिएको वर्ग, क्षेत्र लगायतका महिलाहरुको बृत्ति विकासका लागि व्यक्तित्व प्रशिक्षण, सीप विकास तथा संस्थागत कार्यक्रमहरु अगाडि बढाउनुका साथै लैंगिक हिंसा न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम, महिला लक्षित वर्गको उत्थान, विकास तथा मूल प्रवाहीकरणका लागि शिक्षा, सचेतना, जागरण र जनतामा चेतना फैलाउने प्रवर्द्धनात्मक प्रबृत्तिका कार्यक्रमहरुका लागि एकमुस्ट रु.१० लाख छुट्याएकी छु ।

बेमौसमी तरकारी खेति, बीउ विजन, सुन्तला, कागती, लिची, अलैची तथा कृषि प्रविधि जस्ता नगदेबाली लाई प्रवर्धन गर्ने कार्यक्रम एवं क्षमता विकासतर्फ ३८ लाख विनियोजन गरेकी छु ।

पशुशाखा अन्तर्गत संचालन हुने उन्नत जातका बाख्रा, बंगुर, गाई, भैसी पालन तथा तिनीहरुको औषधि उपचार तथा संचालनका लागि एकमुष्ट रु.३७ लाख ३३ हजार विनियोजन गरेकी छु ।

समयको माग सँगै आधुनिक किसिमको शिक्षा प्रणालीमा जोड दिनका लागि सामुदायिक विद्यालयको सुधार कार्यक्रम, स्वास्थ्य शाखा व्यवस्थापन, आयुर्बेद शाखा व्यवस्थापन, स्वास्थ्य चौकी व्यवस्थापन लाई रु.१० लाखका दरले जम्मा रु.४० लाख विनियोजन गरेकी छु ।

यस नगरपालिकामा रहेका १३७ जना स्वास्थ्य स्वयम्सेविकाहरु लाई प्रोत्साहन गर्न खाजा खर्चको लागि मासिक रु.५०० का दरले जम्मा रु.८ लाख २२ हजार विनियोजन गरेकी छु ।

खानेपानी व्यवस्थापनको लागि, पर्यटन, वन तथा वातावरण, भू-संरक्षण र स्थानीय नदी नियन्त्रणका लागि रु.३ लाखका दरले जम्मा रु.१५ लाख विनियोजन गरेकी छु ।

नगरक्षेत्र भित्र संचालित दुई वटा शहरी स्वास्थ्य केन्द्रको लागि रु.८ लाख ५० हजार विनियोजन गरेकी छु ।

युवा खेलकूद विकास कार्यक्रम, सहकारी व्यवस्थापन र धार्मिक ऐतिहासिक स्थलको विकासको लागि रु.२ लाखका दरले जम्मा रु.६ लाख विनियोजन गरेकी छु ।

एकीकृत सम्पति कर व्यबस्थापन गर्ने कार्यको लागि वडास्तरमा कर र यसको सदुपयोमा नगरवासीको भूमिका सम्बन्धी कर शिक्षा कार्यक्रम र स्थानीय तह बाट न्यायिक सम्पादन कार्यको लागि तथा मेलमिलापकर्ता समिति गठन गरी तालिम समेत दिई व्यवस्थित रुपमा काम अगाडि बडाउन तालिम तथा अध्ययन भ्रमणको लागि उचित रकम बिनियोजन गरेकी छु ।

नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरु तथा अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सो बाट सिर्जित दायित्वलाई समेत प्राथमिकता दिइएकी छु । निर्माणधिन पूर्वाधारहरको निर्माण सम्पन्न समय मै सम्पन्न गर्ने गरी सो अनुसारको व्यवस्था मिलाएकी छु । अत्यावश्यक सडकहरुको स्तरोन्नती र निर्माण कार्यलाई थप स्रोत सहित निरन्तरता दिने ब्यवस्था मिलाएकी छु ।

नगरक्षेत्र भित्र संचालन भएका प्रस्तावित विद्यालयहरुका निजी स्रोतको शिक्षक तलब भत्ता व्यवस्थापनको लागि आगामि आ.व.०७५।०७६ को लागि चालु शीर्षकबाट रु.३५ लाख विनियोजन गरी यस क्षेत्रको समस्या समाधान गर्ने प्रयास गरेकी छु ।

कतिपय कार्यक्रम आयोजनाहरुमा देखिने दोहोरोपन घटाउन नगरपालिका क्षेत्रभित्र हुने जुनसुकै कार्यक्रमहरु नगरपालिकाको मातहतबाट नै सञ्चालन हुने ब्यवस्था मिलाएकी छु । बजेट कार्यक्रमले

नसमेटेका तथा समेट्न नसकिएका अन्य कार्यक्रमहरुलाई आगामि दिनहरुमा जनसंख्या, भूगोल लगायत अन्य वर्ण, लिङ्ग, क्षेत्र, समुदायहरु समेतलाई मध्यनजर गर्दै समतामूलक ढङ्गले विकासमा बिनियोजन गर्दै लगिने नीति तय गरिने छ । यसै गरी नगर गौरबका आयोजना एवं ठूला आयोजनाहरुको लागि प्रदेश र संघीय सरकार सँग आवश्यक रकमको व्यवस्थाको लागि अनुरोध गर्ने गरी व्यवस्था मिलाएकी छु । साथै नगरमा साना योजना भन्दा ठूला योजनाले प्राथमिकता पाओस भन्ने तर्फ विशेष ध्यान दिइएकी छु ।

**सम्माननिय सभाका सदस्यज्यूहरु,**

अब म आ.व २०७६।०७७ मा हुने आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चहान्छु । आगामि आर्थिक बर्षका लागि कूल रकम रु.४९ करोड ५१ लाख ४४ हजार ५ सय ७५ रुपैयाँ प्राप्त हुने अनुमान गरेकी छु । जसमध्ये नगरपालिकाको वित्तिय समानीकरण तर्फ १९ करोड ९४ लाख ५० हजार २ सय ५० रुपैयाँ र सशर्त अनुदान २६ करोड ६५ लाख ९५ हजार ३ सय २५ रुपैयाँ हुन आउने अनुमान गरेकी छु भने सिद्धिचरण नगरपालिकाको आन्तरिक आयबाट आ.ब.२०७६/०७७ मा २ करोड ९० लाख ९९ हजार प्राप्त हुने अपेक्षा गरेकी छु ।

**आर्थिक विकास :**

यस शीर्षक अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, प्राचिन, ऐतिहासिक, पुरातात्विकधरोहर संरक्षण र विकास, पर्यटन, सहकारी र बित्तीय क्षेत्र पर्दछन् । जसका लागि यस आर्थिक वर्षमा आधुनिक कृषि प्रविधि तालिम, पशु बिमा तालिम, माटो परीक्षण शिबिर, पशु स्वास्थ्य शिबिर, आय आर्जनको लागि घुम्तीकोष मार्फत बीउ पूँजी कार्यक्रम, ब्यवसायिक कृषि तथा औधोगिक क्षेत्रको अवलोकन भ्रमण कार्यक्रम, होमस्टे तालिम, सुन्तला तथा फलफूल खेति बिस्तार, पशु रोग निधान एबं अन्य कार्यक्रम, बिजुली मिल सुधार, ककनी चम्पादेवी भ्यू टावर निर्माण, पत्ताले पर्यटकीय क्षेत्रको गुरुयोजना, बीउ बिजन तथा किटनाशक औषधि खरिद, सुन्तला, स्याउ खेतिको पकेटक्षेत्र निर्माण र सिंचाई मर्मत, दुध कोशी-रुम्जाटार हुँदै जन्तरखानी (पत्ताले) पैदल पदमार्ग निर्माणका लागि यस वर्षमा सम्पन्न नभएका क्रमागत आयोजनाहरुलाई समेत मध्येनजर गरी एकमुस्ट रु.१ करोड ४३ लाख ८४ हजार ६ सय ६० रुपैयाँ बिनियोजन हुने अनुमान गरेकी छु ।

**सामाजिक विकास :**

यस शीर्षक अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, साहित्य, कला संरक्षण, कार्यक्रम, दुई वा दुई भन्दा बढी छोरीमात्र हुने दम्पत्तिलाई प्रोत्साहन सम्मान कार्यक्रम, एकल महिला, जेष्ठ नागरिक, बालबालिका, दलित तथा फरक क्षमता भएका व्यक्तिहरुलाई सम्मान कार्यक्रम, संस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन र लैंगिक समानता तथा सामाजिक समाबेसीकरण, एकद्वार संकट व्यवस्थापन, स्वास्थ्य संस्थाबाट उत्पादित फोहोरमैला व्यवस्थापन, उत्कृष्ट स्वास्थ्य छनौट, संस्था संस्थाहरुको स्तरबृद्धि, पोषण व्यवस्थापन, सर्ने तथा नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम, नगरक्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरुमा इन्सीनरेटर र खाल्डो निर्माण, योग, ध्यान, प्राणायाम् मार्फत आरोग्य बृद्धि, स्थानीय स्तरमा पाईने जडिबुटीको अधिकतम उपयोग, आयुर्बेद चिकित्सा पद्धतिलाई विस्तार गर्ने लगायतका क्षेत्रहरु पर्दछन् । सो कार्यक्रमको लागि रु.२ करोड ५७ लाख २८ हजार ३ सय ७५ रुपैयाँ बिनियोजन हुने अनुमान गरेकी छु ।

**पूर्वाधार विकास :**

यस क्षेत्र अन्तर्गत स्थानीय सडक तथा पूल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलबिद्युत, सञ्चार, गरिबको टिनको छाना कार्यक्रम, एकीकृत बस्ती विकास कार्यक्रम, निर्माणधिन सडकको स्तरोन्नती, दिगो उर्जा र पानीको मुहान संरक्षण लगायतका विषयहरु समेटिएका छन् । जसका लागि यस आ.ब.मा पूर्वाधार विकास अन्तर्गत माथि उल्लेखित सबै कार्यक्रमहरको लागि एकमुस्ट रु.४ करोड ९६ लाख २५ हजार ३ सय ७५ रुपैयाँ बिनियोजन हुने अनुमान गरेकी छु ।

**वातावरण तथा विपद् ब्यवस्थापन :**

यस अन्तर्गत बन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, फोहोरमैला ब्यवस्थापन, विपद् ब्यवस्थापन, जलवायु परिवर्तन लगायतका क्षेत्रहरु पर्दछन । यी सबै क्षेत्रहरुको लागि सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा एकमुस्ट रु.७१ लाख ८७ हजार ५ सय बिनियोजन हुने अनुमान गरेकी छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन :**

यस अन्तर्गत सामान्य सेवा, सुरक्षा ब्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण ब्यवस्थापन, स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख ब्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुशन्धान तथा विकास लगायतका क्षेत्रहरु पर्दछन् । यी सबै कार्यक्रमहरका लागि एकमुस्ट रु.१० करोड २५ लाख २४ हजार ३ सय ४० रुपैयाँ बिनियोजन हुने अनुमान गरेकी छु ।

नगर सभाका अध्यक्षज्यू,

अन्त्यमा,

यो बजेट तयार गर्ने क्रममा टोल भेला देखि नगर कार्यपालिकाको बैठकसम्मका वजेट तर्जुमाका चरणमा प्रत्यक्ष अप्रत्यक्षरुपमा सुझाव सल्लाह सहित सहयोग पुर्‍याउनु हुने संलग्न सबैमा आभार व्यक्त गर्न चहान्छु । त्यसै गरी यस कार्यमा प्रत्यक्ष संलग्न हुनु हुने जनप्रतिनिधि एवं कर्मचारी वर्गहरुमा धेरै धन्यवाद् दिन चहान्छु । त्यसै गरी आम नगरबासी, निजीक्षेत्र, विकास साझेदार, नागरिक समाज एवं सञ्चार जगत प्रति पनि धन्यवाद् दिन चहान्छु । वजेट तर्जुमा एउटा पाटो हो भने यसको सफल कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो । तर्जुमा गरिएको वजेट सही कार्यान्वय भएमा मात्र यसले सार्थकता पाउँछ । त्यसैले वजेटको कार्यान्वयको लागि सम्पूर्ण सरोकारवालाको सहयोगको पूर्ण अपेक्षा गरेकी छु । सिद्धिचरण नगरपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउनु हुने आम नागरिकहरु, कर दाताहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाहरु, नागरिक समाज एवं सञ्चार जगत लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दछु ।

**धन्यवाद् ।**

इच्छा कुमारी गुरुङ
नगर उपप्रमुख
सिद्धिचरण नगरपालिका
ओखलढुङ्गा

मिति : २०७५ आषाढ १०